सिम्रौनगढको पहिलो राष्ट्रिय दैनिक
# शुभम सन्देश
Shubham Sandesh
National DAILY दैनिक

वर्ष : ४ अंक : ३२७ २०७९ साल, भाद्र ११ गते शनिबार, Saturday 27 August, 2022 मूल्य रु. ५/- पृष्ठ : ४

## भूमि अयोग पर्साको सक्रियता, पर्सागढीमा भदौ १५ गतेदेखि नापनक्साको काम शुरू हुने

वीरगञ्ज, १० भदौ ।

पर्साको पर्सागढी नगरपालिका वडा नम्बर २ मा विद्यमान पर्सागढी नगरपालिका वडा नम्बर २ कटानी, शान्तिटोल र वडा नम्बर १ को जमुनाटोलमा वर्षौंदेखि बसोबास गर्दै



आएका स्थानीयको नाममा जमिनको लालपुर्जा छैन ।

स्थानीय अगुवाहरुका अनुसार वि.स.२०३५ सालतिर जंगल फडानी गरेर यी बस्तीहरु बसेका थिए । आयोग गठन हुने, फाराम भर्न लगाउने काम भने विगतदेखि नै हुँदै आएको छ । तर ती गाउँको भूमि सम्बन्धी समस्या समाधान हुन सकेको छैन । स्थानीय बालकृष्ण श्रेष्ठका अनुसार वि.स. २०५८ सालमा तत्कालिन सुकुम्बासी आयोगले ३६ जनालाई लालपुर्जा नै दिएको थियो । स्थानीय कार्यालयदेखि मन्त्रालयसम्म पटक पटक धाउँदा पनि लालपुर्जा प्राप्त नभएको गुनासो उनको छ ।

भूमि आयोग पर्साका अध्यक्ष अहमदले यसअघिका आयोगले छोडेका अधुरो काम अघि बढाउन स्थलगत अनुगमन गरिएको जानकारी दिए । भूमि सम्बन्धी समस्या समाधानका लागि राष्ट्रिय भूमि आयोगसँग सम्झौता गरेर पर्सागढी नगरपालिकाले लगत संकलन समेत गरिसकेको छ । १ हजार ६ सय ८३ जना भूमिहिन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीले फाराम भरेका छन् ।

पर्सागढी नगरपालिकाका मेयर गोकर्ण पाठकले पालिकामा विद्यमान भूमि सम्बन्धि समस्या समाधानका लागि आफूले सक्दो सहयोग गर्ने बताए । स्थलगत अनुगमनमा वडा नम्बर २ का अध्यक्ष विरेन्द्र महतो, नापी कार्यालय पर्साका प्रमुख नारायण श्रेष्ठ, मालपोत कार्यालयका प्रमुख, भूमि आयोग पर्साका सदस्यहरु लगायत सहभागी भएका थिए । *(साभार–यात्राडेली)*

भूमि सम्बन्धी समस्या समाधान गर्न नापनक्साको काम अघि बढाईने भएको छ । भदौ १५ गतेदेखि नाप नक्साको काम अघि बढाउने सहमति भएको छ । राष्ट्रिय भूमि आयोग पर्साका अध्यक्ष तवरेज अहमद सहितको पदाधिकारी र कर्मचारीहरुको संयुक्त टोलीले बिहीबार स्थलगत अनुगमन गर्दै नापनक्साको काम अघि बढाउने आश्वासन दिएको छ ।

## पर्सा प्रहरीद्वारा ७ क्विन्टल गाँजा नष्ट



वीरगञ्ज, १० भदौ ।

पर्सा जिल्लाका विभिन्न स्थानबाट बरामद गरिएको ठूलो परिमाणको गाँजा पर्सा प्रहरीले नष्ट गरेको छ । जिल्ला प्रहरी कार्यालय पर्साले बिहिवार ७ क्विन्टल गाँजा जलाएर नष्ट गरेको हो । विभिन्न मितिमा पर्साका विभिन्न स्थानबाट बरामद गरिएको गाँजा जलाएर नष्ट गरिएको जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता एवम् प्रहरी नायब उपरीक्षक दीपक गिरीले जानकारी दिए । छिमेकी राष्ट्र भारतसँगको खुला सिमानाको फाइदा उठाउँदै पुनः बढ्दै गरेको गाँजा तस्करीलाई नियन्त्रण गर्ने अभियानअर्न्तगत गाँजा बरामद गरिएको हो । बिहीबार संचारकर्मी लगायतका सरोकारवालाहरुको रोहबरमा गाँजा नष्ट गरिएको प्रवक्ता गिरीले बताए ।

## गरीब बिरामीको उपचारका लागि सहज बन्दै वीरगञ्जको नारायणी अस्पताल

वीरगञ्ज १० भदौ । रासस

पर्साको वीरगञ्जस्थित नारायणी अस्पताल गरीब र विपन्न समुदायको बिरामीको उपचारका लागि सहज बन्दै गएको छ । संघीय सरकारको स्वामित्वमा रहेको अस्पतालले गुणस्तरीय सेवा प्रदान गर्दै आएपछि उपचारका लागि यहाँ बिरामी बढ्दै गएका छन् । अस्पतालले सिटीस्क्यान, डायलासिस र वृद्धवृद्धालाई उपचार खर्चमा सहुलियतलगायतका सेवा प्रारम्भ गरेपछि बिरामीको अस्पतालमा चाप बढ्दै गएको सूचना अधिकारी डा. उदयनारायण सिंहले जानकारी दिए । अस्पतालमा पर्सा, बारा, रौतहट, सर्लाही, मकवानपुर जिल्ला र भारतको विहार क्षेत्रका बिरामी उपचारका लागि



आउँछन् ।

अस्पतालमा दैनिक औसतमा एक हजार बिरामीले विविध रोगको उपचार सेवा लिन आउने गरेको अस्पताल प्रशासनले बताएको छ । नियमित उपचारमा आउने बिरामीमध्ये करिब १० देखि १५ प्रतिशतसम्म भारतीय बिरामी रहेको बताइएको छ । अस्पतालका तर्फबाट दुई सय र विकास

*(बाँकी तेश्रो पेजमा)*

## भूमिहीनलाई भूमिपति बनाएरमात्र विश्राम लिन्छु : मेयर दाहाल

भरतपुर, १० भदौ ।

भरतपुर महानगरपालिका प्रमुख रेनु दाहालले भरतपुरका भूमिहीनलाई भूमिपति बनाएर मात्र विश्राम लिने बताएकी छन् । भरतपुर महानगरपालिका वडा नम्बर २३ ले आयोजना गरेको नापी कार्यको शुभारम्भ तथा नयाँ निस्सा वितरण कार्यक्रमलाई शुक्रबार सम्बोधन गर्दै मेयर दाहालले रफ्तारमा काम सम्पन्न गरी विश्राम लिने बताएकी हुन् । २९ वटा वडाको लालपुर्जा वितरण गर्ने कार्य अब कुनै पनि कारण र बहाना गरेर नरोकिने उनको भनाइ छ । वर्षौंदेखि रोकिएको गाँउ बलकको कार्यक्रम अन्तरगत भरतपुर २९ मा लालपुर्जा वितरण गर्नुका साथै वडा नम्बर २ मा भूमिहीन दलित र भूमिहीन सुकुम्बासीलाई जग्गा दिएर उदाहारण प्रस्तुत गरेको मेयर दाहालले बताइन् । 'निस्सा पाएपनि जग्गा पाइँदैन भन्दै विरोधीले हल्ला चलाएका छन'उनले भनिन्,'अब तपाईहरु ढुक्क

*(बाँकी तेश्रो पेजमा)*


* सार्वजनिक सम्पत्ति अतिक्रमण नगरौं ।
* कर तिर्नु सबै नागरिकको कर्तव्य हो भने सेवा प्राप्त गर्नु अधिकार हो ।
* बेटी पढाऔं बेटी बचाऔं ।
* हाम्रो गाउँपालिका हामी सबै मिलेर सबल, सक्षम र सशक्त बनाऔं ।
* सधैं चर्पीको प्रयोग गरौं र खुल्ला रुपमा सौच नगरौं ।
* आफ्ना गाउँघर सफा र स्वच्छ राखौं ।
* सेवा सुविधा प्राप्तिका लागि समयमै सम्पूर्ण तिर्नु पर्ने कर अनिवार्य चुक्ता गरौं ।

फेटा गाउँपालिका
फेटा (बारा)


## एक लाख १५ हजार म्यादी प्रहरी, हतियारमा सापटीकै भर

काठमाण्डौ, १० भदौ ।

प्रदेश तथा प्रतिनिधिसभाको निर्वाचनका लागि एक लाख १५ हजार म्यादी प्रहरी भर्ना गरिने भएको छ । एकैचरणमा हुन लागेको चुनावका लागि हाल भएका जनशक्तिबाट मात्रै सुरक्षा व्यवस्थापन पर्याप्त नहुने निष्कर्षसहित सरकारले ठूलो संख्यामा म्यादी प्रहरी भर्ना गर्न लागिएको हो । गृह मन्त्रालयका एक उच्च अधिकारीका अनुसार एक लाख १५ हजार म्यादी प्रहरी भर्ना गर्नका लागि अर्थ मन्त्रालयले स्वीकृति दिएको छ । नेपाल प्रहरीले ३० वैशाखमा भएको निर्वाचनका लागि नै १ लाख १९ हजार म्यादी प्रहरी चाहिने प्रस्ताव गरेको थियो । त्यसबेला एक लाख म्यादी प्रहरी मात्रै भर्ना गर्न स्वीकृति दिएको थियो ।

संघीय र प्रादेशिक निर्वाचन हुने बेलासम्म चाहिँ ५ लाख बढी नयाँ मतदाता थपिएको अवस्थामा म्यादी प्रहरीको संख्या बढाइएको हो । 'मतदान केन्द्र र मतदान स्थलको संख्या पनि बढेकाले म्यादी प्रहरीको संख्या बढेको हो' ती अधिकारीले भने, 'यसपालि सरकारी कर्मचारी, सुरक्षाकर्मी,



कैदीबन्दीहरुले पनि समानुपातिकतर्फ मतदान गर्न पाउने व्यवस्था भएकाले थप जनशक्तिको आवश्यक थियो ।'

प्रहरीका अनुसार म्यादी प्रहरी भर्ना मापदण्ड तयार गरेर हरेक जिल्लाबाट दर्खास्त लिइनेछ । प्रहरी प्रधान कार्यालय नक्सालले ६ असोजबाट म्यादी प्रहरीको भर्ना खुलाउने तयारी गरेको छ । भर्ना छनौटका लागि प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा ६ सदस्यीय समिति बनाइनेछ । समितिमा जिल्ला प्रहरी कार्यालयका प्रमुख, नेपाली सेना र सशस्त्र प्रहरी बलको राजपत्राङ्कित द्वितीय श्रेणीका अधिकृत, राष्ट्रिय अनुसन्धान विभागका अधिकृत र जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक वा प्रहरी निरीक्षक सदस्य सचिव रहनेछन् ।

यसरी छानिएका म्यादी प्रहरीले म्यादी प्रहरी भर्ना, छनौट र नियुक्तिका लागि प्रहरीबाट निर्धारित पाठ्यक्रम अनुसार स्वास्थ्य परीक्षण, लिखित परीक्षा, प्रयोगात्मक र अन्तर्वार्ता परीषा पास गरेर भर्ना पाउनेछन् । म्यादी प्रहरीलाई नियुक्ति दिएको दिनदेखि ५० दिनसम्म काममा लगाइन्छ भने तलब र सेवासुविधा प्रहरी जवान सरह हुन्छ । नेपाल प्रहरीको दरबन्दी ७९ हजार हो । तर नियमित कार्यालय ड्यूटीबाहेक ६२ हजारभन्दा कम जनशक्ति मात्रै निर्वाचन सुरक्षामा खटिनसक्छन् । विगतमा कारागारमा कार्यरत सुरक्षाकर्मीहरुलाई पनि चुनावमा खटाउने गरिएको थियो । अब उनीहरु त्यहीं हुने निर्वाचनको सुरक्षार्थ खटिनुपर्ने भएको छ । गृह मन्त्रालयले बनाएको निर्वाचन सुरक्षा कार्यविधि अनुसार

*(बाँकी तेश्रो पेजमा)*

प्रकाशक : रामबाबु प्रसाद मेहता
प्रधान सम्पादक : अजय कुमार
सम्पादक : सरोज कुमार सिंह
समाचार सम्पादक : तिवारी यादव
प्रबन्धक : मुकेश कुमार महतो
कानुनी सल्लाहकारः परमहंस केशरी
अधिवक्ता : राजेन्द्र कुशवाहा
मुद्रक : बारा प्रिन्टीङ्ग प्रेस, कलैया उमनपा-४, बारा
ईमेल : subhamsandeshdaily@gmail.com
सम्पर्क नम्बर : ९८४५२१७३२९, ९८५५०४५५५२, ०५३५५१४९७
प्रधान कार्यालय : सिम्रौनगढ नपा ६, बारा
सम्पर्क कार्यालय : कलैया उमनपा १ (मोतिवाग), बारा

# दसैँ–तिहार विशेष सुपथ मूल्य पसल भदौ अन्तिमदेखि खुल्ने

काठमाण्डौ, १० भदौ ।

दसैँ–तिहार विशेष चाडपर्व लक्षित सुपथ मूल्य पसल यस वर्ष भदौ अन्तिम सातादेखि खुल्ने भएको छ । व्यापारिक दुई सरकारी संस्थान साल्ट ट्रेडिङ कर्पोरेसन लिमिटेड र खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडले भदौ अन्तिम सातादेखि चाडपर्व विशेष सुपथ पसल सञ्चालन गर्ने तयारी गरेका हुन् । यद्यपि, यस वर्ष नयाँ स्थानमा अल्पकालीन सुपथ पसल भने खुल्ने छैनन् । साल्ट ट्रेडिङ कर्पोरेसनले आफ्नै नियमित ६ वटा पसलबाटै सुपथ सेवा प्रदान गर्नेछ भने खाद्य व्यवस्था तथा व्यापार कम्पनीले पनि आफ्नै नियमित पसलहरुबाटै सुपथ पसल सञ्चालन गर्नेछ । काठमाडौं उपत्यकाभित्रका चार स्थान थापाथली, सिंहदरबार, नख्खु र भक्तपुरको सूर्यविनायकबाटै खाद्यले सुपथ मूल्य पसल सञ्चालन गर्नेछ । साल्ट्र ट्रेडिङले कालिमाटी, सतुङ्गल, जाउलाखेल, जडिबुटी र भक्तपुरबाट सुपथ पसलको सुविधा प्रदान गर्नेछ ।

दसैँका लागि खाद्यले ६ करोड ४० लाखको खसी–बोका ल्याउने तर, आवश्यकता परेको खण्डमा थप एक स्थान कलंकीमा सुपथ पसल सञ्चालन हुन सक्ने साल्ट ट्रेडिङका विभागीय प्रवन्धक बृजेश कुमार झाले रातोपाटीलाई बताए । ‘अहिले पनि साल्ट ट्रेडिङले उपत्यकाभित्रका आफ्ना ६ वटा विक्री केन्द्रबाट नियमित खाद्यान्न दाल, चामल, नुन, तेल, गेडागुडी, ग्यास बिक्री वितरण गरिरहेकैछ,’ झाले भने, ‘दसैँ–तिहार चाडपर्व विशेष सुपथ पसल पनि यिनै केन्द्रहरुबाट प्रदान गरिनेछ । केमा कति छुट दिने वा कति सहुलियत दिने भन्ने कुराचाहिँ अहिले नै यकिन भइसकेको छैन, यो सरकारी निर्णयबाटै तोकिन्छ ।’ खाद्य कम्पनीले पनि आफ्नै चार वटा नियमित पसलबाटै सुपथ सेवा प्रवाह गर्ने निर्देशक श्रमणी खनालको भनाइ छ । ‘दसैँ–तिहार विशेष सुपथ पसलका लागि थप नयाँ स्थान खोज्ने हाम्रो योजना छैन । उपत्यकाभित्रका चार स्थान छँदैछन्, उपत्यका बाहिर पनि खाद्यकै डिपार्टमेन्ट स्टोरहरुबाट सुपल मूल्यमा खाद्यान्न बिक्री वितरण हुनेछन्,’ खनालले भने । यस्तो डिपार्टमेन्ट स्टोर खाद्य कम्पनीको उपत्यका बाहिर ७५ र साल्ट ट्रेडिङको ४२ स्थानमा रहेको छ ।

खाद्यले इन्डक्सन चुलो बेच्ने

यस वर्ष दसैँ–तिहार सुपथ पसलमा खाद्य कम्पनीले इन्डक्सन चुलो पनि बेच्ने भएको छ । अन्य नियमित खाद्यान्न दाल, चामल, नुन, तेल, ग्यास लगायतको बिक्री वितरण त छँदैछ, यसको अलावा यस वर्ष इन्डक्सन ( विद्युतीय चुलो) समेत बिक्री वितरण गर्ने खाद्य कम्पनीका निर्देशक श्रीमणी खनालले रातोपाटीलाई बताए । ‘खाद्य कम्पनीले धेरै अघिदेखि नै इन्डक्सन चुलो बेचिरहेको छ । यद्यपि, यस वर्षको दसैँ–तिहार विशेष व्यापारमा यो पनि पर्नेछ’ खनालले भने, ‘तर, इन्डक्सन चुलो चाहनेले दसैँ–तिहार पर्खिरहनु पर्दैन, अहिले नै सुपथ मूल्यमा पाइन्छ ।’ कम्पनीले अहिले ३ हजार ५ सय रुपैयाँ, ४ हजार रुपैयाँका र ४ हजार ५ सय रुपैयाँ गरी तीन किसिमका इन्डक्सन चुलो बेचिरहेको छ । स्थानीय बजारबाटै खरिद गरेर खाद्यले सुपथ मूल्यमा बेचिरहेको खनालले बताए । यसअघि खाद्य कम्पनीले चिनियाँ सरकारबाट अनुदानमा पाएको ११ हजार थान इन्डक्सन सुपथ मूल्यमा बिक्री वितरण गरेको थियो ।

चिनीको अभाव हुने देखियो

विशेषतः यस वर्षको दसैँ–तिहारमा चिनीको अभाव हुने देखिएको छ । मुख्य खपतको सिजनमै बजारमा चिनी छैन । अन्य, खाद्यान्नसँगै चिनी र मलको समेत व्यापार गर्ने साल्ट ट्रेडिङसँग चिनीको कत्तिपनि मौज्दात छैन । साल्ट ट्रेडिङसँग नै नभएपछि खाद्यले पनि चिनी पाउने कुरै भएन । कम्पनीले साल्ट ट्रेडिङसँगै चिनी लिएर व्यापार गर्ने हो ।

बजारमा पनि चिनी नभएको समाचार आएको छ । चिनी उत्पादक संघका अध्यक्ष शशिकान्त अग्रवाल स्वदेशी उद्योगहरुमा चिनी नभएको बताउँछन् । ‘हामीले तीन महिना अघि नै सरकारलाई सुझाव दिएका हौं । चिनीको उत्पादन छैन, के–कति आवश्यक हो र कसरी व्यवस्थापन गर्न सकिन्छ, त्यो त सरकारले सोच्ने कुरा हो नि,’ अग्रवालले भने । अध्यक्ष अग्रवालका अनुसार अहिले बजारमा जति पनि चिनी उपलब्ध भइरहेका छन्, दुई नम्बरी चिनीको बिक्री वितरण भइरहेको छ । सरकारले चिनीको आयातमा प्रतिवन्ध लगाएपछि बजारमा अभाव देखिएको हो । अग्रवालका अनुसार यस वर्ष स्वदेशी चिनी उद्योगहरुले जम्मा १ लाख ३० हजार मेट्रिकटन मात्र चिनी उत्पादन गरेका छन् । तर, बजारको माग नै वार्षिक २ लाख ६० हजार मेट्रिकटन छ । यसबारेमा बुझ्न खोज्दा मन्त्रालयले चित्तबुझ्दो जवाफ दिएन । चाडपर्वको मुखमा बजारमा चिनीको अभाव देखियो, मन्त्रालयले आपूर्ति प्रणालीलाई व्यवस्थित गर्न के–कस्तो पहल गर्दैछ ? भन्ने हाम्रो प्रश्नमा, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयका सह–प्रवक्ता उर्मिला केसीले त्यस्तो अभावको जानकारी आफूहरुलाई नभएको बताइन् । ‘बजारमा चिनीको अभाव भएको भन्ने सूचना कहीँकतैबाट आएको छैन । बजार अनुगमनमा जाने विभागमा समेत त्यस्तो कुनै घटना फेला परेको भन्ने जानकारी छैन । उजुरी पर्‍यो भने हामीलाई थाहा हुने हो, तर अहिलेसम्म उजुरी परेको छैन,’ केसीले रातोपाटीसँग भनिन् । तर, अग्रवाल भने दुई नम्बरी आयातको चिनीले जसोतसो माग धानिरहेको बताउँछन् । यस्तो चिनीको परिमाण कति छ भन्ने यकिन नभए पनि प्रशस्त आयात भइरहेको उनको दाबी छ । यसले दसैँ–तिहारको छेकोमा व्यापारीहरुले चिनीको मूल्य बढाउन सक्ने खतरा देखिएको छ ।

# मेयर बालेनले अब तुरुन्तै के के काम गर्नै पर्ला ?

**डा. बद्रीप्रकाश ओझा** ——

गत वर्ष न्यूयोर्कका पूर्वमेयर माइकल ब्लुमबर्गले लेखे, ‘विश्वभर स्थानीय सरकारका नेताहरुलाई देशले भोग्दै आएका समस्या समाधानमा निकै बलियो हिसाबले लाग्नुपर्ने आवश्यकता छ ।’रुब्लुमबर्गले भनेझैं मेयरहरुका समस्या, नेपाल भारत वा अमेरिकामा मात्र होइन, विश्वभरका महानगरमा उत्तिकै ठड्कारो छन् । विश्वभर नाम चलेका केही मेयरबारे चर्चा गरौं । उत्तरी ग्रिसको तटीय नगर थेसालोनिकीका मेयर यियानिस बुटारिस एक चर्चित मेयर हुन् । व्यापारिक घरानाका बुटारिस ६९ वर्षको उमेरमा उक्त महानगरको मेयरमा विजयी बने । उनी मेयर भएर आउँदा महानगरमाथि १० करोड युरो ऋण थियो । उनले यो समस्या हल गरे । उनी सन् २०११ देखि २०१९ सम्म दुई पटक उक्त नगरको मेयर बने । अहिलेको विश्वमा उनी सर्वथा लोकप्रिय मेयरका रुपमा परिचित छन् । अर्का लोकप्रिय मेयरमा जर्मनीको बर्लिन नगरका मेयर क्लाउस वोवेरिट पर्दछन् । उनले आफूलाई समलिंगी हुँ भनेर घोषणै गरेर चुनावमा आए । उनी तीन पटक मेयर बने । उनको अन्तिम कार्यकालमा बर्लिनमा निकै बेरोजगारी बढ्यो तर उनले यसलाई सम्हाले र नगरलाई समृद्ध बनाए । त्यस्तै क्यानाडाको क्यालग्यारी नगरका मेयर नाहिद नेन्सी पनि अर्का लोकप्रिय मेयर हुन् । उनी मुसलमान समुदायका मानिस हुन् । उत्तर अमेरिकाकै सबैभन्दा बढी अतिवादी मानिने अल्बेर्टा राज्यअन्तर्गतको उक्त नगरमा मेयर नेन्सीमाथि रियलस्टेट क्षेत्रका धनाढ्यहरुबाट पनि निकै दबाब परेको थियो । उनी डटेर लडे । भर्खरै पेरिसको मेयरमा निर्वाचित हुने एन हिडाल्गो पनि निकै लोकप्रिय छिन् । उनी पेरिसकी पहिलो महिला मेयर हुन् । उनले प्रहरीले म्याडम ला मारी भनेर गरेको सम्बोधनलाई अस्वीकार गर्दै यो महिलालाई सम्बोधन गर्ने शब्द भयो भनेर पुरुषबाची शब्द ले मारी भनेर सम्बोधन गर्न अनुरोध गरेकी थिइन् । उनले पेरिसलाई हरियाली सहर बनाउने घोषणा गरेकी छन् ।

गुस्टाभो पेट्रो कोलम्बियाको बोगोटा महानगरका मेयर हुन् । उनी सन् २०११ मा पहिलो पटक निर्वाचित भएका हुन् । उनी पूर्व साम्यवादी लडाकू हुन् । उनी स्थापित दलहरुसँगको दबाबमा एक पटक पदच्युत पनि गरिए । तर पछि अदालतले उनलाई पद बहाल गरेको थियो । एनिज पार्कर अर्की लोकप्रिय मेयरमा अमेरिकाको ट्याक्सस राज्यस्थित हस्टन नगरकी मेयर हुन् । उनी समलिंगी महिला हुन् । पार्करले सन् २०११ मा राष्ट्रपति बाराक ओबामालाई महिला समलिंगी अधिकारसम्बन्धि व्यवस्था छिटो गर्नसमेत दबाब दिएर अमेरिकामा चर्चा कमाएकी थिइन् । अर्जेन्टिनाको बोका जुनियर क्लबको नेतृत्व सम्हालेका मौरियो मार्सी सन् २००७ र २०११ मा ब्युनर्स आयर्सको मेयरमा निर्वाचित भए । उनले वाटर ट्यापिड स्क्यान्डल र युनियन स्ट्राइकको व्यवस्थापन लगायतका विषयमा निकै साहसी काम गरेका थिए । उनले इजरायलको भ्रमण गरी प्रधानमन्त्री बेन्जामिन न्यातान्यहुलाई भेटी अपहरणमा परेका तीन युवकको रिहाइमा सहयोग गरेका थिए । मेयर मार्सी र उनकी दिदी पनि युवावस्थामा अपहरणमा परेका थिए । यसरी विश्वमा राम्रो काम गरेर लोकप्रियता कमाएका थुप्रै मेयर छन् । अब हाम्रो काठमाडौं महानगरका मेयरले पनि सुरु गरेका समाज सुधारक कामलाई हामी सबैले सहयोग गर्नुपर्दछ । सबैले आआ ̂ नो क्षेत्रबाट सहयोग गरेर काठमाडौं सहरलाई सभ्य मानिस बस्ने सहरका रुपमा विकास गर्ने सुवर्ण अवसर आएको छ । त्यसैले हामी सबै मिलेर भनौं, ‘केही मानिसले विरोधमा कुरा गरे पनि जो जतिसुकै उफ्रिए पनि असल काम गर्न छोड्नुहुन्न मेयरज्यू । घर बनाउँदा अन्डरग्राउन्ड पार्किङ बनाउँछु भन्ने अनि त्यही पार्किङलाई भाडामा लगाउने किसिमका काम बन्द गर्नैपर्छ । त्यहाँ पसल खोलिन्छ । पसलमा काम गर्नेले बाटोमा मोटरसाइकल रोक्छ । अनि भीड बढ्छ । त्यसैले व्यापारीले आवाज उठाए भन्दैमा अन्डरग्राउन्ड पार्किङमा पसल गर्ने र तिनको पक्ष लिने जुनसुकै संघसंगठनलाई छोड्नुहुन्न । तपाईंलाई जनताले साथ दिन्छन् ।’

मेयरसाहेब भन्दा त नराम्रो लाग्ला, कारण तपाईंहरुको जुहारी चल्दैछ तर धरानका मेयर हर्क साम्पाङको जस्तै तपाईंले पनि सर्वसाधारणबाट प्रसस्त समर्थन पाउनुहुनेछ । राम्रो कामको सबैले प्रशंसा गर्छन् । डा.बाबुराम भट्टराई र कुलमान घिसिडलाई जनताले साथ दिनुको कारण नै यही हो । तर मेयर साहेब त्यो रत्नपार्कको अन्डरपासमा महानगरले नै भाडामा दिएर पसल खोलाएको भन्ने आवाज पनि उठेको छ । यो पनि बन्द होस् । गरे हुन्छ । कुनै जमानामा रत्नपार्कमा पनि यस्तै पसल थिए । अहिले पार्क बनेको छ । माइतीघरमा ठूल्ठूला घर थिए । अहिले मण्डला बनेको छ । त्यसैले अब यस्ता सहरको रुप बिगार्ने र बाटोलाई कमाइ खाने भाँडो बनाउने प्रवृत्तिलाई तपाईंजस्तै सोच, जोश र जाँगर भएका मेयरले नै पूरा गर्नुपर्दछ । यसमा हामी पनि हाम्रो क्षेत्रबाट सकेसम्म सहयोग गरौंला । तपाईंलाई कलम हुनेले कलमले सहयोग गर्छन् । औजार हुनेले औजारबाट सहयोग गर्छन् । बोली बिक्नेले बोलीबाट सहयोग गर्छन् । नेपाली जनताले परिवर्तन चाहेका छन् । त्यसैले तपाईं ढुक्कले अगाडि बढ्नुहोस् । भरसक काठमाडौंको फोहोर काठमाडौंमै मल बनाएर प्रयोगमा ल्याऔं । यहाँ पैदा भएको फोहोरलाई अरु जिल्ला वा पालिकाका बासिन्दाको छिमेकमा लगेर फाल्नु हुँदैन । बरु अब बन्ने घरमा फोहोर व्यवस्थापनको वैकल्पिक उपाय पनि खोज्नुपर्दछ । यदि फोहोर व्यवस्थापनको उपाय दिन नसक्नेलाई घर बनाउनबाटै वञ्चित गरे पनि हुन्छ । अर्को पनि एउटा उदाहारण दिऊँ । भारतको व्यापारिक राजधानी मुम्बईमा २ करोड २५ लाख मानिस बसोबास गर्छन् । मुम्बई वृहत्तर महानगरमा दुई सय २७ वडा छन् । ती कुनै वडामा पानीको स्रोत छैन । तीनतिरबाट समुद्रले घेरेको तटीय सहर मुम्बईमा पानीको कमी छ । समुद्रको पानी नुनिलो भएकाले पिउन मिल्दैन ।

यस समस्याको समाधन महानगरले गर्न सफल भएको छ । मुम्बईको माथिल्लो पहाडी क्षेत्रमा ससाना खोलामा सातवटा बाँध बाँधेर ठूल्ठूला कृत्रिम पोखरी बनाइएको छ । यी पोखरीबाट दैनिक तीन अर्ब ५० लाख लिटर पानी सहरमा वितरण गरिन्छ । हाम्रो काठमाडौं उपत्यकाकै ठूलो समस्या भनेको फोहोर व्यवस्थापन हो । पछिल्लो जनगणनाअनुसार उपत्यकामा जम्मा ६ लाख ८४ हजार घरपरिवार छन् । महानगरको नेतृत्वमा सरकारी निजी सहकार्यमा काम गरौं । एउटा फोहोर व्यवस्थापन बोर्ड गठन गरौं । हरेक घरभेटीलाई आ ̂ नो गच्छेअनुसार हिस्सा बाँडौं । प्रतिघर १० हजार रुपैयाँको सेयर दिँदामात्र पनि पनि ६ अर्ब ८४ करोड रुपैयाँ जम्मा हुन्छ । यही पैसाले कुनै ठाउँमा जग्गा किनौं । उपत्यकाभित्रै जग्गा किन्न सकिन्छ । अझ पैसा पुगेन भने सर्वसाधारणका लागि सेयर खुलाऔं । मानिसहरु सेयरमा लगानी गर्न इच्छुक छन् । सजिलै २० देखि ३० अर्ब रुपैयाँ उठ्छ । सके ५० अर्ब नै उठ्ला । अहिले पनि काठमाडौंको काँठ क्षेत्रमा प्रसस्त जमिन छ । रोपनीको पाँच करोडै परे पनि ५ सय रोपनी जमिन २५ अर्बमा पाइन्छ । बाँकी पैसाले कम्पोस्ट मल कारखाना खोलौं । उपत्यकामा दैनिक २ हजार टन फोहोर जम्मा हुने आकलन गरिन्छ । योमध्ये ७५ प्रतिशत कुहिने फोहोर हुन्छ । भनौं दैनिक १५ सय टन फोहोर जम्मा गरेर कुहाएर मल बनाउने हो भने यसबाट २५ प्रतिशत अथवा दैनिक करिव ५ सय टन मल निकाल्न सकिन्छ । केजीको १० रुपैयाँमा बेच्ने हो भने दैनिक ५० लाख रुपैयाँ मल बिक्रीबाट कमाइ हुन्छ । यसो गर्दा महानगरलगायतका नगरले महिनामा १५ अर्ब कमाइ गर्छन् । योमध्ये आधा पैसा उत्पादन तथा व्यवस्थापनमा खर्च भए पनि महिनाको साढे सात अर्ब कमाइले वर्षमा करिव ८० अर्ब भन्दा बढी कमाइ हुन्छ । कम्पोस्ट बनाउन खासै मेसिनको प्रयोग गर्नुपर्दैन । नाफाको २० देखि २५ प्रतिशत सेयरधनीलाई लाभांश दिए भैगो । त्यसैले काठमाडौंका मेयरज्यू, यो काम तुरुन्तै सुरु गरौं । पहिले काठमाडौं महानगरबाट सुरु गरौं । असल काममा अर्को महानगर तथा नगरका मेयरहरु पक्कै आउनुहुन्छ । यसो गर्दा हामीले देशलाई पनि ठूलो सहयोग गर्न सक्छौं । यसै त देशमा मलको हाहाकार छ । त्यसमा पनि हामीले दैनिक ५ सय टन मल सरकारलाई उपलब्ध गराउँदा महिनाको १५ हजार टन मल सरकारलाई बेच्न सक्छौं । वर्षमा ५ हजार ४ सय टन मल दिन सक्छौं । मेयरज्यू यस कामलाई अगाडि बढाइहालौं । यसबाट तपाइँप्रति मतदाताले गरेको आशा पूरा हुन्छ । अनि त तपाईं पनि माथि चर्चा गरिएका विश्वका लोकप्रिय मेयरका रुपमा चिनिनु हुनेछ । (साभार–रातोपाटी)

# सम्पन्न देशहरु खडेरीको चपेटामा, नेपालमा झन् धेरै प्रभाव

*यूरोप र चीनसहित विकसित देशहरूमा देखिएको अत्यधिक गर्मी (खडेरी) को प्रभाव विश्वव्यापी रूपमैं पर्नेछ भने नेपाल जस्ता अतिकम विकसित देशहरू त्यसबाट झन् धेरै प्रभावित हुनेछन् ।*

**मुकेश पोखरेल**

‘हिट–वेभ’ अर्थात् ‘लु’ले यूरोपका विभिन्न मुलुक र एशियाका चीनसहित विश्वभर त्राहिमाम् मच्चिएको छ । अफ्रिकामा खडेरीको समस्या पहिलेदेखि छँदैछ । तर, यस वर्ष यूरोपसहित चीनलगायतका मुलुकमा अप्रत्याशित जलवायुजन्य घटनाक्रम देखिएका छन् र यसले विश्वको ध्यान तानिरहेको छ । र, यसको प्रभाव विश्वभर पर्ने देखिएको छ । बेलायतमा अहिलेसम्मकै उच्च ४०.२ डिग्री तापक्रम रेकर्ड गरिएको छ । गत जुलाईमा रेकर्ड गरिएको तापक्रम बेलायतमा अहिलेसम्मकै उच्च हो ।

यसभन्दा अघि सन् २०१९ मा बेलायतमा ३८.७ डिग्री तापक्रम रेकर्ड गरिएको थियो । उच्च तापक्रम तथा खडेरीका कारण यूरोपका विभिन्न देशमा वन–जंगलमा लागेको आगो नियन्त्रण बाहिर छ । पेरिसमा पछिल्लो ७५ वर्षमा यस वर्षसहित तेस्रो पटक ४० डिग्रीभन्दा बढी तापक्रम रेकर्ड गरियो । २५ जुलाई २०१९ मा ४२.६ डिग्री रेकर्ड गरिएको थियो । उक्त रेकर्ड नै अहिलेसम्मकै उच्च हो ।





त्यसभन्दा अघि २८ जुलाई १९४७ मा ४०.४ डिग्री सेल्सियस रेकर्ड भएको इतिहास छ । यस वर्ष ४०.५ डिग्री सेन्टिग्रेड रेकर्ड गरिएको छ ।

त्यसैगरी चीनमा अहिलेसम्म ‘हिट–वेभ’ ले २०१३ को रेकर्डलाई तोडेको छ । सन् २०१३ मा चीनमा ६२ दिन हिट–वेभ (लु) रेकर्ड गरिएको थियो । तर, यो रेकर्ड यस वर्ष तोडिएको छ । ७ अगस्तमा ६२ दिन हिट–वेभले पूरा गरेको छ । चीनको मौसम विज्ञान एकेडेमीका अनुसार सन् १९६१ देखि यो नै चीनमा अहिलेसम्म लामो समयसम्म कायम रहेको हिट–वेभ हो । चीनले गत शुक्रबार राष्ट्रव्यापी हिट–वेभ र सुख्खा खडेरीको सूचना जारी गरेको छ । र, उसले यो आगामी सेप्टेम्बरसम्म लम्बिने बताएको छ ।

लामो समयसम्मको खडेरीका कारण यूरोप तथा चीनलगायतका देशमा आगलागीका डरलाग्दा घटना भएका छन्

(बाँकी तेश्रो पेजमा)

सिम्रौनगढको पहिलो राष्ट्रिय दैनिक
Shubham Sandesh शुभम सन्देश
ल्वतष्यलबा DAILY दैनिक



## सम्पन्न देशहरू..........

भने नदी र सिमसार क्षेत्र सुकेका छन् । खानेपानीको संकट निम्तिएको छ । विश्वका प्रमुख नदीहरूमा गर्मीका कारण अहिलेसम्मकै कम पानी बगेको विभिन्न अन्तर्राष्ट्रिय सञ्चारमाध्यमहरूले जनाएका छन् । जर्मनी भएर बग्ने राइन, फ्रान्सको सबैभन्दा लामो लोइरे, इटलीको सबैभन्दा लामो नदी पोमा पानीको मात्रा २–३ मिटरसम्म घटेको छ ।

यस्तै जर्मनी भएर बग्ने १ हजार २३३ किलोमिटर लामो राइन नदीले समग्र यूरोप र जर्मनीको अर्थतन्त्रमा महत्वपूर्ण योगदान पुऱ्याउँछ । शताब्दियौंदेखि उत्तर–पश्चिम यूरोपको अर्थतन्त्रको मेरुदण्ड रहेको यो नदी सुक्दा यस वर्ष जर्मनीको अर्थतन्त्रमा ०.२ बिन्दुको नोक्सान पुग्ने पूर्वानुमान छ । सन् २०१८ मा ६ महीनासम्मको खडेरीका कारण राइन नदीमा पानीको मात्रा घट्दा जर्मनीको अर्थतन्त्रमा ५ बिलियन यूरो नोक्सान भएको थियो । राइन नदीमा पानीको मात्रा कम हुँदा त्यसको असर खानेपानी, विद्युत् उत्पादन, औद्योगिक तथा यातायात पारवहनमा परेको छ ।

नदीमा पानीको मात्रा कम हुँदा पानीजहाज चल्न रोकिएका छन् । त्यसैगरी इटालीको पो नदीमा पानी कम हुँदा पो उपत्यकामा कृषि उत्पादन ३०–४० प्रतिशतले कमि आउने आकलन गरिएको छ । जसरी रूस–युक्रेन युद्धका कारण विश्वभर सप्लाई चेन खल्बलिएर मूल्यवृद्धि भएको थियो त्यसैगरी यस वर्षको खडेरीका कारण उत्पादनमा आएको कमिका कारण मूल्यवृद्धि हुने भविष्यवाणी वैज्ञानिकहरूले गरेका छन् ।

यूरोप जस्तै चीन पनि गर्मीका कारण नराम्रोसँग प्रभावित भएको छ । चीनको याङ्त्जे नदीमा पानीको मात्रा आधाले कम भएको छ । याङ्त्जे संसारको तेस्रो ठूलो नदी हो । जसले ४०० मिलियन चिनियाँहरूलाई पिउने पानी उपलब्ध गराउँछ । चीनको अर्थ–व्यवस्थाका लागि पनि यो महत्वपूर्ण जलमार्ग हो । खडेरीले सिचुआन, हुवेइ, हुनान, जियाङ्सीलगायतका प्रान्तमा २४ करोड ६० लाख मानिस र २२ लाख हेक्टर खेतीयोग्य जमिन प्रभावित भएको छ । उच्च तापक्रमका कारण जुलाईमा मात्र ३४० मिलियन पाउण्डको आर्थिक नोक्सानी चीनले व्यहोरेको छ भने ५.५ मिलियन मानिस प्रभावित भएका छन् ।

८० प्रतिशत विद्युत् हाइड्रोपावरबाट हुने चीनको सिचुवान प्रान्तमा अहिले विद्युत् उत्पादनमा प्रभाव परेको छ । गर्मीले गर्दा विद्युत्को माग २५ प्रतिशतले बढी भएको छ भने विद्युत् उत्पादन घटेकाले प्रान्त सरकारले विद्युत् प्रयोग घटाउन सूचना नै जारी गरेको छ । विद्युत्को अभावमा उद्योगहरू नियमित रूपमा सञ्चालन हुनसकेका छैनन् । नदीमा पानीको बहाव कम भएपछि जहाजबाट सामान ओसारपसार समेत रोकिएको छ । वैज्ञानिकहरूले यस वर्ष यूरोप र चीनमा देखिएका घटनालाई ५०० वर्षकै खराब अवस्था भनेका छन् ।

महिनौंसम्म गर्मीको चपेटामा परेको फ्रान्समा गतहप्ता अप्रत्याशित वर्षा भयो । वर्षाले पेरिस सहर जलमग्न भएका रिपोर्टहरू त्यहाँका स्थानीय सञ्चारमाध्यमले प्रकाशित गरेका छन् । फ्रेन्च मेट्रोलोजिकल सर्भिस, मेट्रो–फ्रान्सका अनुसार एक महीनाभरि हुनुपर्ने वर्षा एक घण्टामा भइदियो । त्यहाँ ९० मिनेटमा ४० मिलिमिटर वर्षा रेकर्ड गरियो । यो सामान्यतया हुनुपर्ने वर्षाभन्दा ७० प्रतिशत बढी हो ।

**नेपालमा प्रभाव**

वैज्ञानिकहरूका भनाइमा विश्वमा देखिएको उच्च तापक्रम, खडेरी र आगलागीका घटना जलवायुमा आएको परिवर्तनसँग सम्बन्धित छन् । हुन पनि खडेरी र अत्यधिक वर्षाका घटना अप्रत्याशित र छिटो–छिटो देखिन थालेका छन् ।

ग्लोबल फरेष्ट वाचको रिपोर्ट अनुसार सन् २०२१ मा प्रतिमिनेट १६ वटा फूटबल मैदान बराबरको जंगल डढेलोको चपेटामा पऱ्यो । बीबीसीमा प्रकाशित रिपोर्ट अनुसार पछिल्लो २० वर्षमा भएको क्षतिको यो झण्डै दोब्बर हो । नेपालमा सन् २०२१ को भन्दा खराब अवस्था यस वर्ष देखिएको छ । विश्वव्यापी रूपमा देखिएका अत्यधिक वर्षा, खडेरी र आगलागीका घटनाको प्रभाव नेपालमा स्वभावैले आगामी दिनमा देखिनेछ । नेपाल यसै पनि जलवायु परिवर्तनका कारण जोखिममा रहेको मुलुक हो । जर्मन वाचको २०२१ को रिपोर्टमा जलवायु परिवर्तनका दृष्टिकोणले नेपाल जोखिमको १०औं स्थानमा थियो । तर, यूरोपलगायत संसारभरका मुलुकमा देखिएका ठूला–ठूला घटनाक्रमले नेपाल जस्ता साना मुलुकका समस्या छायाँमा परेका छन् ।

यसै पनि जलवायुका कारण आफैं जोखिममा रहेको नेपाललाई सात समुद्रपारिका सम्पन्न देशमा देखिएको संकटको असर पक्कै पर्छ । सबै सेवा तथा वस्तुहरू आयातमा निर्भर रहेको नेपालका लागि विश्वव्यापी खडेरीका कारण उत्पादनमा आउने कमिले महँगो मूल्य तिर्नुपर्दछ । अत्यधिक गर्मी (हिट–वेभ) बाट हामीले कति क्षति व्यहोऱ्यौं भन्ने कुनै लेखाजोखा सम्बन्धी रेकर्ड नै सरकारसँग छैन । यस्ता मापदण्ड मात्रै बनाउने हो भने पनि अरू गर्न नसके पनि क्षतिको रेकर्डसम्म राख्न सकिन्छ र त्यो आगामी पुस्ताका लागि पनि काम लाग्छ ।

अर्को कुरा नेपाललाई सहयोग गर्दै आएका मुलुकहरू आफैं जलवायुको संकटमा फसेका छन् । अब उनीहरूको प्राथमिकता आफ्नो देशको संकट समाधानमा हुनसक्छ । र, नेपाल जस्ता देशहरूलाई गर्दै आएको सहयोगमा कटौती हुने सम्भावना छ । जसका कारण विभिन्न दातृ निकायको सहयोगमा सञ्चालित जलवायु अनुकूलन सम्बन्धी सञ्चालित कार्यक्रममा त्यसको असर पर्न सक्ने देखिन्छ । त्यसकारण पनि नेपालले अब जलवायुसँग सम्बन्धित कार्यक्रम सञ्चालनका लागि दातृ निकायको भर पर्नुभन्दा आफ्नो स्रोतसाधनको प्रयोगबाट अनुकूलनका लागि कार्यक्रम गर्न उपर्युक्त हुन्छ । अनुकूलन सम्बन्धी कार्यक्रम सञ्चालन गर्नु कुनै नयाँ विषय होइन । नेपालले गर्दै आएका विकास निर्माणका कामलाई जलवायुमैत्री बनाउने हो । त्यसका लागि सामान्यभन्दा केही प्रतिशत मात्रै बढी बजेट विकास निर्माणमा खर्च गर्नुपर्ने हुनसक्छ ।

**ध्यानै छैन**

यूरोप र चीनमा जस्तो खडेरीका कारण आक्रान्त नभए पनि पानी नपरेका कारण तराईमा किसानका खेतहरू बाँझै छन् । रोपाई गरेका खेतमा पनि पर्याप्त पानी नभएका कारण धान फस्टाउन सकेको छैन । खेतमा पट्पटी धाँजा फाटेको छ । तर सरकार, राजनीतिक दलहरूले किसानका समस्या र खडेरीलाई आफ्नो मुद्दा बनाएका छैनन् । राजनीतिक दलका नेताहरू कसरी आगामी चुनावमा जितेर फेरि सत्तामा आउने भनेर कसरत गर्नमै व्यस्त छन् । सत्तारुढ दलका नेताहरूको समय गठबन्धन बनाएर जित्ने र अर्को पाँच वर्ष कसरी ब्रह्मलुट गर्ने भनेर योजना बनाउनेमा केन्द्रित छन् भने प्रमुख प्रतिपक्ष दल पनि आफ्नो साख कसरी जोगाउने भन्ने ध्याउन्नमा छ । जनताको समस्याको उनीहरूलाई कुनै मतलब नै छैन । नियमित रूपमा कर्मचारी संयन्त्रले गर्ने काम बाहेक राजनीतिक दलहरूले जनताको पक्षमा कुनै निर्णय गरेका छैनन् ।

त्यसको उदाहरण हो, झण्डै डेढ हप्ताअघिको घटना । बाँकेको नरैनापुर गाउँपालिकाले नरैनापुरलाई सुख्खाग्रस्त क्षेत्र घोषणा गरी त्यहाँका किसानलाई सहयोग गर्न प्रदेश र संघीय सरकारलाई अनुरोध गऱ्यो । लामो समयसम्मको खडेरीले धानबालीमा क्षति पुगेपछि गाउँपालिकाले गरेको यो अनुरोधलाई प्रदेश र संघ सरकारले अहिलेसम्म कुनै रेस्पोन्स नै गरेका छैनन् । नेपालमा कति तापक्रम पुग्यो भनेर त्यसलाई हिट–वेभ मान्ने र त्यसले पार्ने प्रभावलाई कसरी सामना गर्ने कुनै तयारी नै छैन । जबकि छिमेकी देश भारतले ५० वर्षको सरदर तापक्रमलाई आधार मानेर समथर भूमिमा सरदर तापक्रम भन्दा ४–६ डिग्री सेन्टिग्रेड तापक्रम तीन दिनभन्दा बढी रेकर्ड भयो भने त्यसलाई हिट–वेभ अर्थात् लुका रूपमा परिभाषित गरेको छ ।

उदाहरणका लागि ५० वर्षको आधारमा ४० डिग्री सेल्सियस सरदर तापक्रम हो भने ४४ डिग्री तापक्रम तीन दिन रेकर्ड भयो भने त्यसलाई हिट–वेभ अर्थात् लु मानिएको छ । पहाडमा ३५ डिग्री सेन्टिग्रेड भन्दा बढी तापक्रम तीनदिन भन्दा बढी रेकर्ड हुनुलाई हिट–वेभ मानेको छ । र, उसले त्यसै अनुसार सूचना जारी गर्ने र जनतालाई अलर्ट गराउँछ । तर, नेपालमा यस्ता विषयले प्राथमिकता पाउन सकेका छैनन् । त्यसकारण पनि अत्यधिक गर्मी (हिट–वेभ) बाट हामीले कति क्षति व्यहोऱ्यौं भन्ने कुनै लेखाजोखा सम्बन्धी रेकर्ड नै सरकारसँग छैन । यस्ता मापदण्ड मात्रै बनाउने हो भने पनि अरू गर्न नसके पनि क्षतिको रेकर्डसम्म राख्न सकिन्छ र त्यो आगामी पुस्ताका लागि पनि काम लाग्छ ।

(साभार–अनलाइनखबर)

## गरीब बिरामीको........

समितिको तर्फबाट एक सय शय्यामा नियमित उपचार सेवा दिँदै आएको छ । अस्पताललाई विसं २०७५ असार २५ गते संघीय सरकारले मधेश प्रदेशमा विशिष्ट सेवा प्रदान गर्ने उद्देश्यले पाँच सय शय्याको रुपमा स्तरोन्नति गरिसकेको छ ।

उपचार सेवा थप प्रभावकारी बनाउँदै लगेपछि विशेष गरी गरीब र विपन्न समुदायका बिरामी बढेको अस्पतालका निमित्त मेडिकल सुपरिटेण्डेण्ट डा वीरेन्द्रबहादुर प्रधानले जानकारी दिए । मेडिकल, सर्जरी, दन्त, आँखा उपचार, छाला रोग, डायलासिस, नाक कान तथा घाँटी, मानसिक, प्रसूति, हाडजोर्नी, बाल रोग, शिशु स्याहार, मुटु रोगसम्बन्धी उपचार विभाग, सघन र अक्सिजनसहितको उपचार कक्षमार्फत बिरामीलाई अस्पतालले सेवा दिँदै आएको छ ।

अहिले अस्पतालले दिने सेवालाई थप प्रभावकारी बनाउन प्रशासनले सबैजसो सेवालाई उपचारको प्राथमिकताका आधारमा काम गरिरहेको बताएको छ । करिब तीन बिघा क्षेत्रफलमा फैलिएको अस्पताल परिसर क्षेत्रमा चारओटा आवास, एक प्रसूति, प्रयोगशाला, भण्डारण, बहिरंग, आकस्मिक सेवा विभाग र एउटा पुरानो आँखा उपचार गरी कुल १३ भवन छन् । अस्पताललाई केन्द्रीय रिफरल अस्पताल र सरकारी मेडिकल कलेजमा स्तरोन्नति गर्न माग गर्दै यस क्षेत्रका सरोकारवालाले पटकपटक संघीय सरकारसँग माग गर्दै आएका छन् ।

अस्पतालले सामाजिक सेवा एकाइमार्फत लक्षित १२ समूहका नागरिकको निःशुल्क उपचार गर्दै आएको छ । गरीब, असहाय, अपांगता भएका, ज्येष्ठ नागरिक, लैंगिक हिंसा र पीडित बालबालिका, लोपोन्मुख आदिवासी जनजाति, कुपोषित बालबालिका तथा शहीद परिवारलाई सबै खाले उपचार सुविधा उपलब्ध गराउँदै आएको अस्पतालका सूचना अधिकारी डा सिंहले जानकारी दिए । निःशुल्क उपचारले धेरै नगरिकलाई समयमै उचित उपचार सेवा दिन सहयोग पुगिरहेको डा सिंहको भनाइ छ । अस्पतालमा सरकारी एक सय ६२ र विकास समितिका एक सय २० स्वास्थ्यकर्मी कार्यरत छन् ।

# दोहोरीका ग्राहकले पत्ता लगाए 'नक्कली' डबल ब्ल्याकको स्वाद, त्यसपछि भेटियो कारखाना

काठमाण्डौ, १० भदौ ।

काठमाडौंका दरबारमार्गस्थित दरबार दोहोरीमा एकजना ग्राहकले डबल ब्ल्याक लेबल अर्डर गरे । मदिराका पारखी ती ग्राहकले पहिलो चुस्की लिनासाथ मदिरा नक्कली भएको शंका गरेर गुनासो गरे । सो घटना जिल्ला प्रहरी परिसर काठमाडौंका प्रहरी अधिकारीसम्म पुग्यो । सो घटना पछ्याएर काठमाडौं प्रहरीले भक्तपुरको दुवाकोटमा सञ्चालित नक्कली विदेशी र स्वदेशी मदिरा बनाउने कारखानामा छापा माऱ्यो । कारखानामा छापा मारेर नक्कली मदिरा उत्पादनमा संलग्न ५ जनालाई पक्राउ गरिएको जिल्ला प्रहरी परिसर काठमाडौंका एसएसपी भरत बोहराले रातोपाटीलाई बताए । शुक्रबार पत्रकार सम्मेलन गरेर प्रहरीले आरोपीहरुलाई सार्वजनिक गरेको छ । पक्राउ पर्नेमा दोलखाको कालिन्चोक गाउँपालिका घर भएका २४ वर्षीय हरि वली, भीमेश्वर नगरपालिका–८ घर भएका भगवान बस्नेत, कालिन्चोक गाउँपालिकाका विशाल वली, रामेछापको खाँडादेवी घर भएका मनोज खत्री र खाँडादेवी कै गोपी श्रेष्ठ छन् । नेपाली मदिरालाई मिसाएर विदेशी मदिराको बोतलमा प्याक गरेर आरोपीहरुले नक्कली मदिरा बनाएर वितरण गर्ने गरेका थिए । वर्ल्ड दरबार (ब्ल्याक चिम्नी) दुई बोतल र एक बोतल ब्ल्याक लेबल मिसाएर उनीहरुले ४ बोतल डबल ब्ल्याक लेबल बनाउने गरेका थिए । डबल ब्ल्याक लेबल बनाउन आरोपीहरुले 'रुद्रा' नामको रंग पनि प्रयोग गर्थे । विदेशी कम्पनीको ज्याक डेनियल्स तयार गर्न आरोपीहरुले सिग्नेचर र वर्ल्ड दरबार मिसाउने गरेका थिए । रेड लेबल तयार गर्न अन्य घरेलु मदिरा र चिनी डढाएर रातो रंग बनाएर ओरिजिनल बोतलमा भर्ने गरेको अनुसन्धानमा संलग्न एकजना अधिकृतले रातोपाटीलाई बताए । नेपाली ब्रान्डको भोड्का ८८४८ पनि उनीहरुले नक्कली बनाउने गरेको थाहा भएको छ । हाइल्याण्डर नामको भोड्का र माला (प्लाष्टिकमा पाइने रक्सी) मिसाएर उनीहरुले ८८४८ भोड्का तयार गर्ने गरेको अनुसन्धानबाट थाहा भएको छ । लामो समयदेखि यस्तो कारोबार गरेपछि धेरै कमाउने लोभमा 'डबल ब्ल्याक' पनि बनाएर बेचेपछि उनीहरुको पोल खुलेको छ ।



**आरोपीको बयान–'सिल फेर्न भारतमा सिके'**

पक्राउ परेका मध्येका रामेछापको खाँडादेवी गापा–२ घर भएर मूलपानी बस्ने मनोज खत्री सो योजनाका मास्टर माइन्ड हुन् । २७ वर्षका खत्रीलाई यसअघि उपत्यका अपराध अनुसन्धान कार्यालयले नक्कली मदिरा उत्पादन गरेको आरोपमा पक्राउ गरेको थियो । दोस्रोपटक नक्कली मदिरा कारोबार गरेको आरोपमा पक्राउ परेका खत्रीले भारतमा गएर ब्रान्डेड मदिराको सिल उप्काउन सिकेको प्रहरीलाई बताएका छन् । प्रहरीसँग उनले भनेका छन्– 'भारतमा बस्दा सिल निकाल्ने आइडिया सिकेको हुँ ।' विदेशी मदिराको सिल निकै सुरक्षित तरिकाले बनाइएको हुन्छ । तर, फलामको कब्जा प्रयोग गरेर उनीहरुले सजिलै बिर्को खोलेर मदिरा भर्ने र पुनः सिल गरेर बेच्ने गरेको अनुसन्धानबाट थाहा भएको छ ।रु आरोपीहरुले प्रहरीलाई ब्ल्याक लेबलको बिर्कोमा भएको ४ वटा लक कसरी खोल्ने भन्नेबारे पनि बताएका छन् । मास्टर माइण्ड मनोजले जडिबुटीमा मदिरा पसल चलाउने भगवान बस्नेतलाई लगानी गर्न आग्रह गरेर उनीहरुले सो कारोबार शुरु गरेको एसएसपी भरत बोहराले जानकारी दिए । हरि वलीचाहिँ बिक्रेता हुन् । उनीहरुले उत्पादन गरेको रक्सी बजार भाउभन्दा दुई हजार सस्तो मूल्यमा रात्रि क्लब, दोहोरी क्याबिन रेष्टुरेण्टमा बेच्ने गरेको प्रहरीको अनुसन्धानबाट थाहा भएको छ । (रातोपाटीबाट)

## भूमिहीनलाई.............

हुनुस् । हामी जिम्मेवार निकाय तपाइसँगै छौं । हल्लाका पछाडि नलाग्नुस् । हामी बोलेरभन्दा काम गरेर देखाउँछौं । विगतको कामबाट पनि प्रमाणित भइसेको छ ।' उनले केही महिनाभित्रै लालपुर्जा दिएर छाड्ने प्रतिवद्धता जनाउँदै अब भाषणमात्रै सुन्न नपर्ने दावी गरिन् । भरतपुर महानगर उपप्रमुख चित्रसेन अधिकारीले वर्षदेखि जग्गा उपभोग गर्दै आए पनि लालपूर्जाबिहीन २३ नम्बरका स्थानीयबासीहरु जग्गाको मालिक बन्ने प्रक्रिया सुरु भएको बताए । निर्वाचनमा गरेको बाचा अनुरुप अहिले लालपुर्जा वितरणको प्रक्रियामा गइसकेको उपप्रमुख अधिकारीको भनाइ छ ।

यस्तै राष्ट्रिय भूमि आयोग चितवनका अध्यक्ष बद्री तिमल्सिनाले निर्वाचन आचारसंहिताले लालपुर्जा वितरण कार्यक्रमलाई कुनै असर नपार्ने बताए । भूउपयोग ऐनले व्यवस्था गरेअनुसार लालपुर्जा बन्ने काम निरन्तर अगाडि बढ्ने अध्यक्ष तिमल्सिनाको भनाइ छ । भरतपुर वडा नम्बर २३ मा शुक्रबार १८४ जनालाई निस्सा प्रदान गरिएको छ । साथै महानगर प्रमुख दाहालले भूमिहीन सुकुम्बासी, भुमिहिन दलित र अव्यवस्थित बसोबासीलाई निस्सा प्रदान गरेर नापजाँपको शुभारम्भ गरेकी छन् । भरतपुर वडा नम्बर २३ र २४ मा विस २०३५ सालमा हेटौंडाको हटियाबाट बसाईंसराई गरी आएका भुमिहिन सुकुम्बासीको बसोबास छ । भरतपुर २३ मा मात्रै ९ सय ४ जना सुकुम्बासी छन् । भरतपुर महानगरका २९ वटा वडामा १० हजार ७९ जना सुकुम्बासीको बसोबास रहेको तथ्यांक छ । (साभार–रातोपाटी)

## एक लाख ..............

मतपेटिकाको सुरक्षामा नेपाल प्रहरीको टोली खटिन्छ, त्यसपछिको घेरामा नेपाल प्रहरी र म्यादी प्रहरी रहन्छन् । मतदान स्थलको सुरक्षाका लागि बाहिरी घेरामा सशस्त्र प्रहरी र नेपाली सेना खटिन्छन् ।

**स्थानीय चुनावमा खटिएकालाई प्राथमिकता**

म्यादी प्रहरी भर्नामा स्थानीय निर्वाचनमा खटिएकालाई नै प्राथमिकता दिने प्रहरीको तयारी छ । म्यादी प्रहरी छनौटसम्बन्धी मापदण्ड–२०८९ बनाएर छनौट प्रक्रिया अघि बढाइने प्रहरी प्रधान कार्यालयका एक उच्च अधिकृतले अनलाइनखबरलाई बताए । उनका अनुसार त्यसबाहेक पूर्वसुरक्षाकर्मीलाई प्राथमिकता दिएर भर्ना गरिनेछ । म्यादी प्रहरी भर्ना गर्दा नेपाली सेना, नेपाल प्रहरी तथा सशस्त्र प्रहरी बलमा काम गरी पेन्सन वा उपदान प्राप्त गरिरहेका पूर्वसुरक्षाकर्मीलाई पहिलो प्राथमिकता दिइने गृह मन्त्रालयका प्रवक्ता फणीन्द्रमणि पोखरेलले बताए । मापदण्डको विस्तृत खाका प्रहरी प्रधान कार्यालय नक्सालले बनाउनेछ । तर म्यादी प्रहरी भर्नाको तेस्रो प्राथमिकतामा पूर्व वनरक्षक र सेना, प्रहरी र सशस्त्र प्रहरी बलमा भर्नाका लागि आवेदन दिएर शारीरिक परीक्षणमा पनि सहभागी भएकाहरु पर्नेछन् । तर उनीहरुले शारीरिक परीक्षणमा सहभागी भएको प्रवेश पत्रको प्रतिलिपी पेश गर्नुपर्ने प्रहरीले जनाएको छ । विभिन्न छिमेकी मुलुकको सुरक्षा निकायमा काम गरेर सेवा निवृत्त भएका सुरक्षाकर्मीलाई पनि प्राथमिकता दिइनेछ । यसरी नियुक्त भएका म्यादी प्रहरीलाई छिमेकी जिल्लामा खटाइने प्रहरीले जनाएको छ ।

**१५० गाडी खरिद हुने, हतियार सापटी मागिने**

गृह स्रोतका अनुसार अर्थ मन्त्रालयले १५० वटा साना तथा ठूला सवारीसाधन खरिद गर्न पनि स्वीकृति दिएको छ । नेपाल प्रहरीले २०७० सालको निर्वाचनयता ठूलो संख्यामा सवारीसाधन खरिद नभएको विवरण गृह मन्त्रालयमा बुझाएको थियो । अनलाइनखबरलाई प्राप्त उक्त विवरण अनुसार ७५३ स्थानीय तहमा रहेका प्रहरीका २ हजार ६६० युनिटमा एक हजार ४४८ साना सवारीसाधन अपुग छ । सबै जिल्ला र स्थानीय तहमा गरी कम्तिमा पनि १ हजार ५९८ वटा मोटरसाइकल तत्कालै आवश्यक रहेको विवरण प्रहरीले गृह मन्त्रालयमा बुझाएको थियो । साना सवारीसाधन १ हजार ३८४ वटा अपुग रहेको विवरणमा उल्लेख थियो । प्रहरीसँग भएको विवरण अनुसार अहिले देशभर ४४ ठूला र १४५ साना सवारीसाधन मात्रै खटाउन सकिने अवस्थामा छन् । ठूला सवारीसाधन ११० वटा अपुग छन् । तर अर्थ मन्त्रालयले १५० गाडी खरिदका लागि मात्रै बजेट छुट्याएको हो । स्थानीय तहको निर्वाचनमा प्रहरीले साना र ठूला गरी १ हजार २०० गाडी भाडामा लिएको थियो । २०७० सालको निर्वाचनका बेला भारत सरकारले नेपाल प्रहरीलाई ४४३ वटा गाडी अनुदानमा नेपाल प्रहरीलाई दिएको थियो । २०६४ सालको संविधानसभा निर्वाचनका बेला पनि भारतले विभिन्न प्रकारका गरी ८०५ वटा गाडी दिएको थियो । प्रहरीलाई चुनावी सुरक्षाका लागि सञ्चारसेटको पनि अभाव छ ।

(साभार–अनलाइनखबर)

# वीरगञ्ज भन्सारले साउनमा लक्ष्यअनुसार राजस्व उठाउन सकेन : वार्षिक लक्ष्य नभेट्ने संकेत



वीरगञ्ज १० भदौ ।

अर्थ मन्त्रालयले मातहतका भन्सार कार्यालयहरूले चालू आर्थिक वर्ष (आव) मा संकलन गर्नुपर्ने भन्सार राजस्वको लक्ष्य बढाइदिएको छ। चालू आव २०७९/८० का लागि राजस्वको लक्ष्य बढे पनि वैदेशिक व्यापारको परिमाण भने घट्दो क्रममा देखिएको छ । वैदेशिक व्यापारको आकार नै घटेपछि भन्सार विभागका अधिकारीहरू आफूहरूलाई दिइएको राजस्व लक्ष्य पूरा हुनेमा विश्वस्त छैनन् । विदेशी मुद्रा सञ्चितिमा परेको दबाब कम गर्न आयातमा गरिएको कडाइले आयात व्यापार स्वात्तै घटेको छ ।

वैदेशिक व्यापार नै घटेपछि भन्सारबाट उठ्ने राजस्वमा पनि कमी आउने सम्बद्ध अधिकारी बताउँछन् । यस्तोमा भन्सार कार्यालयहरूले पाएको लक्ष्य पूरा हुन नसक्ने ती अधिकारीको दाबी छ । आयातनिर्यात कारोबारका आधारमा सबैभन्दा ठूलो नाकामा रहेको वीरगञ्ज भन्सारमा आवको शुरू महीनामै यसको संकेत देखिइसकेको छ । यो भन्सारले चालू वर्षको पहिलो महीना साउनमा लक्ष्यअनुसार राजस्व उठाउन सकेन । भन्सारले लक्ष्यभन्दा करीब १५ प्रतिशत कम राजस्व संकलन गरेको तथ्यांक छ । वीरगञ्ज भन्सारलाई साउनका लागि १५ अर्ब २० करोड रुपैयाँको लक्ष्य तोकिएकोमा १२ अर्ब ९८ करोड रुपैयाँ उठेको प्रमुख भन्सार अधिकृत हरिहर पौडेलले जानकारी दिए । 'व्यापार नै घटेकाले राजस्व लक्ष्य पूरा हुन नसकेको हो । यही अवस्था रहे वर्षका कुनै पनि महीना लक्ष्य पूरा हुने देखिँदैन,' पौडेलले आर्थिक अभियानसित भने । यसपालि साउनमा वीरगञ्ज भन्सारबाट पोहोर साउनको तुलनामा आयात र निर्यात दुवै कारोबार खुम्चिएको छ। मूल्यका आधारमा कुल व्यापार परिमाणमा १२ प्रतिशतले गिरावट आएको छ । यसमध्ये आयात ५ प्रतिशत र निर्यात ५४ प्रतिशतले घटेको भन्सारको तथ्यांक छ ।

वीरगञ्ज नाकाबाट सवारीसाधन, इन्धन र औद्योगिक कच्चा पदार्थ मुख्य रूपमा भित्रिने गरेको छ। गाडी आयातमा लगाइएको प्रतिबन्ध र बैंकहरूले कर्जा रोक्दा पुरानो एलसीमा भित्रिएका गाडीसमेत भन्सारमा थन्किएका छन् । निर्याततर्फ प्रशोधित तेल मुख्य रहेकोमा भारतले लिएको आयात नीतिका कारण यसको निकासी प्रभावित छ । तेल निर्यात खस्किएसँगै यसको कच्चा पदार्थ भित्रिने क्रम पनि घटेको छ । यो नाकाबाट भटमास, पाम र सूर्यमुखीको अर्धप्रशोधित तेल उल्लेख्य मात्रामा आउने गरेको थियो । वीरगञ्ज भन्सारलाई चालू वर्षका लागि २ खर्ब ६० अर्ब ९७ करोड रुपैयाँ राजस्व उठाउने लक्ष्य तोकिएको छ। गतवर्ष २ खर्ब ३ अर्ब रुपैयाँ लक्ष्य पाएको भन्सारले लक्ष्यभन्दा १ अर्ब बढी संकलन गरेको थियो । चालू आवका लागि पाएको लक्ष्य गतवर्षको तुलनामा २८ प्रतिशत बढी भएको वीरगञ्ज भन्सारका प्रमुख पौडेलले बताए । आर्थिक अभियानबाट

# वीरगञ्जका सहकारी बचतकर्ताको पैँसा लिएर भाग्न थालेपछि रकम झिक्नेको भिड




वीरगञ्ज, १० भदौ ।

वीरगञ्ज महानगरपालिका वडा नम्बर ११ रानीघाटका सन्दिप साह अण्डा व्यवसायी हुन् । उनले मासिक रुपमा एक सहकारी संस्थामा १ सय रुपैयाँका दरले जम्मा गर्दै आएका थिए । तर सहकारीका सञ्चालकहरु बचतकर्ताको रकम लिएर फरार भएको घटनाहरु सार्वजनिक भएसँगै सहकारीप्रतिको बिश्वास उनलाई कम भएको छ । सन्दिप मात्रै नभएर अन्य बचतकर्ताहिरुको बिश्वास पनि गिर्दै गएको छ । आफुले जम्मा गर्ने सहकारी पनि कतै फरार हुने हो की भन्ने डर र चिन्ताले पिरोलेपछि उनले बाध्य भएर सहकारीबाट रगत र पसिना खर्चेर जम्मा गरेको १० हजार रुपैयाँ निकाले । अब उनी ढुक्क छन् । उनले कम ब्याच आएपनि कुनै बैंकमा जम्मा गर्ने सोच बनाएका छन् । त्यसैगरी एकजना सैलुन गर्ने व्यवसायीले पनि सन्दिपजस्तै थोरै पैँसा मासिक रुपमा जम्मा गर्दै आएका थिए । उनले पनि सहकारी संस्थाप्रतिको बिश्वास नभएर जम्मा गरेको रकम झिकेका छन् । यी प्रतिनिधीमुलक पात्र मात्र हुन् । नियमित रुपमा ज्याला मजदुरी गरेर कमाएको रकमबाट खाईनखाई थोरै जम्मा गर्ने पात्र यहाँ धेरै छन् । उनीहरुकै रकम लिएर सहकारी संस्थाका सञ्चालकहरु फरार हुन थालेसँगै सहकारीप्रतिको बिश्वास बढाउँदै आएका सहकारी संस्थालाई पनि असहज भएको एक सहकारी संस्थाका सञ्चालकले बताए । उनी भन्छन्, ‘२/४ वटा सहकारी संस्था भागेपछि हामीलाई धेरै गाह्रो भइरहेको छ, यहाँ पनि रकम झिक्न आउनुहुन्छ, तर उहाँहरुलाई जसरी पनि बिश्वास दिलाएर पठाइरहेका छौँ । सहकारीले मागेजति बचत रकम फिर्ता गर्न नसक्दा केही सहकारीमा कर्मचारी र बचतकर्ताबीच वादविवाद पनि हुने गरेका छ। यहाँका अधिकांश सहकारीबाट बचतकर्ताले झिक्न चाहेको जति रकम सहकारीले दिन सकिरहेका छैनन् । केही दिनअघि वीरगञ्जको छपकैयाँमा रहेको मानव समाज बचत तथा ऋण सहकारी संस्थाका सञ्चालक र पदाधिकारी बचतकर्ताको १ करोडभन्दा बढी रकम लिएर भागेपछि बचतकर्ताको सहकारी संस्थामाथिको विश्वास डगमगाएको हो । यहाँको जिल्ला बचत तथा ऋण सहकारी संघले अहिले सहकारीमा समस्या देखिएको स्वीकार गरेको छ । उसले यो समस्या चाँडै समाधान हुने विश्वास लिएको छ । एक सहकारीका सञ्चालक भन्छन्, …पैसा लगानी भएको छ, त्यो रातारात उठ्दैन, वचत राख्नेहरु सबै एकैपटक लाइनमा आएपछि कसरी पैसा दिने ।' उनका अनुसार सहकारीबाट ऋण लिएकाहरुलाई रकम फिर्ता गर्न दबाव बढाइएको छ । तर उनीहरु पनि नियमित किस्ताबाहेक रकम तिर्न नसक्ने बताइरहेका छन् । कतिपय बचतकर्ताले भने आफूले बचत गरेको पैसाबाटै आउने जति ऋण माग्न जाँदा पनि नदिएपछि खाता नै बन्द गराउन थालेका छन् । महानगरपालिकाको तथ्यांक अनुसार अहिलेसम्म महानगरभित्र १ सय ९८ वटा सहकारी दर्ता छन् । तर कतिपय सहकारी नविकरण नै भएका छैनन् भने कतिपयले मासिक रुपमा बुझाउनु पर्ने कुनै पनि वित्तीय तथ्यांक बुझाउने गरेका छैनन् । चालु आर्थिक वर्षको पहिलो महिनामा जम्मा ६० वटा सहकारीले मात्रै मासिक वित्तीय विवरण बुझाएको महानगरले जनाएको छ । केही दिन अघि मात्रै भागेको भनिएको मानव समाज बचत तथा ऋण सहकारी संस्था गएको पाँच वर्षदेखि नविकरण नै नभएको महानगरको तथ्यांकले देखाएको छ। तर उक्त सहकारीले गएको साउन महिनासम्म बचतकर्ताहरुबाट बचत संकलन गरिरहेको थियो। (यात्राडेलीबाट)

# नेविसंघको तालाबन्दीविरुद्ध अखिलको प्रदर्शन

१० भदौ, काठमाडौं ।

त्रिभुवन विश्वविद्यालयमा नेविसंघले गरेको तालाबन्दीको विरोधमा नेकपा एमालेको विद्यार्थी संगठन अनेरास्ववियुले प्रदर्शन गरेको छ । त्रिभुवन विश्वविद्यालयको विभिन्न निकायमा नेपाली कांग्रेसको विद्यार्थी संगठन नेविसंघले तालबन्दी गरेको छ।



त्यसको विरोध गर्दै विश्वविद्यालय परिसरमा शान्तिपूर्ण प्रदर्शन गरेको अनेरास्ववियु केन्द्रीय कमिटीका सचिवालय सदस्य तथा त्रिवि इन्चार्ज मदन विष्टले जानकारी दिए । नेपाल विद्यार्थी संघले २७ असारमा त्रिविको रजिस्ट्रारको कार्यालय, त्रिबि.केन्द्रीय कार्यालयको लेखा शाखा, व्यवस्थापन र मानविकी संकायको डिन, कृषि डिन कार्यालयमा तालाबन्दी गरेको छ । ( साभार–अनलाइनखबर)





## प्रसौनी गाउँपालिकाको कार्यालय, बाराद्वारा जनहितमा जारी

- ☐ जथाभाबि फोहर नफालौ र आफना क्षेत्र सफा राख्नमा सहयोग गरौं ।
- ☐ लैगिंक हिंसा सामाजिक अपराध हो । हामी सबै मिलेर लैगिक हिंसा मुक्त गरौं ।
- ☐ समयमा कर तिरौं, नगरको बिकासमा सहभागी बनौं ।
- ☐ जन्म दर्ता, मृत्यु दर्ता, विवाह दर्ता बसाई–सराई लगायतका घटना दर्ताहरु समयमै गरौं ।
- ☐ सरसफाई हामी सबैको पहिचान हो स्वस्थ जीवनयापनका लागि आफ्नो घर–आंगन, सडक पेटी जथाभावी फोहर फाल्ने काम नगरौं । नगरलाई प्रदुषण मुक्त गरी हराभरा बनाऔं ।
- ☐ वातावरण हामी सबैका साझा सम्पत्ती हो ।

## पचरौता नगरपालिकाको कार्यालय, बाराद्वारा जनहितमा जारी

- ☐ जन्म दर्ता, मृत्यु दर्ता, विवाह दर्ता बसाई–सराई लगायतका घटना दर्ताहरु समयमै गरौं ।
- ☐ सरसफाई हामी सबैको पहिचान हो स्वस्थ जीवनयापनका लागि आफ्नो घर–आंगन, सडक पेटी जथाभावी फोहर फाल्ने काम नगरौं । नगरलाई प्रदुषण मुक्त गरी हराभरा बनाऔं ।
- ☐ वातावरण हामी सबैका साझा सम्पत्ती हो ।
- ☐ जथाभाबि फोहर नफालौ र आफना क्षेत्र सफा राख्नमा सहयोग गरौं ।
- ☐ लैगिंक हिंसा सामाजिक अपराध हो । हामी सबै मिलेर लैगिक हिंसा मुक्त गरौं ।
- ☐ समयमा कर तिरौं, नगरको बिकासमा सहभागी बनौं ।

## ब्यक्तिगत घटना दर्ता समय मै गर

जन्म, मृत्यु, बसाई सराई, विवाह र सम्बन्ध विच्छेद जस्ता ब्यक्तिगत घटनाहरू, घटना घटेको ३५ दिनभित्र आ–आफ्नो वडा कार्यालयमा गई निःशुल्क दर्ता गराई कानूनी मान्यता प्राप्त गरौं ।

जीतपुरसिमरा उपमहानगरपालिका
जीतपुर, बारा

## ब्यक्तिगत घटना दर्ता समय मै गरौं

जन्म, मृत्यु, बसाई सराई, विवाह र सम्बन्ध विच्छेद जस्ता ब्यक्तिगत घटनाहरू, घटना घटेको ३५ दिनभित्र आ–आफ्नो वडा कार्यालयमा गई निःशुल्क दर्ता गराई कानूनी मान्यता प्राप्त गरौं ।

आदर्शकोतवाल गाउँपालिका
महेन्द्र आदर्श जयनगर चिउटाहा, बारा

## ब्यक्तिगत घटना दर्ता समय मै गरौं

जन्म, मृत्यु, बसाई सराई, विवाह र सम्बन्ध विच्छेद जस्ता ब्यक्तिगत घटनाहरू, घटना घटेको ३५ दिनभित्र आ–आफ्नो वडा कार्यालयमा गई निःशुल्क दर्ता गराई कानूनी मान्यता प्राप्त गरौं ।

कोल्हबी नगरपालिकाको कार्यालय
कोल्हबी, बारा